रमेशनाथ पाण्डे । २०७२ । *कूटनीति र राजनीति* । काठमाडौँ : सांग्रिला पुस्तक प्रा.लि. ।

आत्मकथा लेख्ने परम्परा अन्यत्रको तुलनामा नेपालमा धेरैपछि शुरू भएको हो । इतिहास लेखनमा आत्मकथालाई प्राथमिक स्रोतका रूपमा लिइन्छ । तर, आफ्ना कमी-कमजोरी चाहिँ लुकाउने तथा सानातिना उपलब्धि या योगदान भने बढाइचढाइ प्रस्तुत गर्ने भएकाले आत्मकथामा गरिने वर्णन र दाबीलाई अन्य स्रोतबाट परीक्षण गर्नुपर्ने हुन्छ । यहाँ समीक्षा गरिन लागेको रमेशनाथ पाण्डेको आत्मकथा *कूटनीति र राजनीति* पनि त्यस्तो दोषबाट मुक्त छैन; लेखकले दाबी गरेका कैयन कुरा अपत्यारिला छन् ।

पञ्चायत कालमा "टेब्लोयड" साप्ताहिक *नयाँ सन्देश*को सम्पादन र प्रकाशन गरेर चर्चा बटुलेका पाण्डे बहुदल कालमा धेरैपल्ट मन्त्री बने । पाण्डेकै अनुसार एक पटक तत्कालीन राजाले उनलाई जापानका लागि राजदूत बनाउन चाहे तापनि प्रधानमन्त्रीको विरोधले उनले सो पद पाउन सकेनन् (पृ. १५१) । तर, मन्त्रीका रूपमा वा अन्य प्रकारले उनी नेपालको कूटनीतिक क्षेत्रमा लामो समय सक्रिय रहे । उनको पुस्तकको शीर्षक *कूटनीति र राजनीति* राखिए पनि पुस्तकमा राजनीतिभन्दा कूटनीति सम्बन्धी वर्णन धेरै पाइन्छ । र, पुस्तकलाई "आत्मकथा" भनिए पनि यो आत्मकथा मात्रै होइन । पत्रपत्रिकाका स्रोतलाई उपयोग गर्दै

लेखकले आफू संलग्न नभएका धेरै घटनाको वर्णन गरेका छन् । यसैले यो पुस्तकलाई लेखकले आफूलाई केन्द्रमा राखी लेखेको नेपालको कूटनीतिक र राजनीतिक इतिहास भन्न सकिन्छ । असोज २०७२ मा पहिलोपल्ट बजारमा आएको पुस्तकको छ महिना भित्रै “चौथो संस्करण” निस्केको दाबी गरिएकाले यसलाई पाठकलाई रुचाएकै मान्नुपर्छ । तर, यो चौथो संस्करणभन्दा पनि चौथो “मुद्रण” हो जस्तो देखिन्छ ।

चवालीस अध्यायमा बाँडिएको यो पुस्तक २०१७ सालको सेरोफेरोबाट शुरू हुन्छ र इतिहासका विभिन्न चरण पार गर्दै २०६२–२०६३ को आन्दोलनमा पुगेर टुंगिन्छ । तर, पुस्तकमा समयक्रमलाई ध्यान दिइएको छैन । कुनै विषयको विश्लेषण गर्दागर्दै लेखक धेरै अगाडि जान्छन्, अनि एकैचोटि पछाडि पर्कन्छन् । नेपालको राजनीतिक इतिहासको गहिरो ज्ञान नभएकाहरूलाई घटनाक्रम मिलाउन गाह्रो हुन्छ; पाठक ठाउँठाउँमा अलमलिन्छ—कुन समयको कुरा हो भन्ने भेउ ऊ पाउँदैन ।

पुस्तक २०१७ सालबाट शुरू भए पनि बीचमा लेखकले आफ्नो बाल्य जीवनबारे समेत केही वर्णन गरेका छन् । आफ्ना बाबुको आफूमा परेको प्रभावबारे केही कुरा उनले लेखेका छन् तर बाबुको नाम समेत पुस्तकमा उल्लेख छैन (पृ. १०१–१०२) । त्यस्तै, आफ्ना स्कूले शिक्षक तथा सहपाठीबारे छोटो चर्चा (पृ. १०३) गरिएको छ, तर परिवारका अन्य सदस्य (आमा, दाजुभाइ, दिदीबहिनी) बारे कुनै चर्चा छैन । स्कूलमा पढ्दा एउटा जोगीको फन्दामा परेर सिद्धि प्राप्त गर्न खोज्दाको वर्णन चाहिँ पाण्डेले रोचक ढंगबाट गरेका छन् (पृ. १०४–१०८) ।

२०१७ सालमा तत्कालीन जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालालाई पदमुक्त गरी जेल हालेका राजा महेन्द्रले लेखक पाण्डे मार्फत बीपीसँग राजनीतिक सहमति गर्न खोजेको र बीपीले पनि लेखकलाई विश्वास गरेका कारण सहमतिका कुरा अघि बढेको दाबी पुस्तकमा गरिएको छ । त्यति बेलाका मन्त्रीहरू (तुलसी गिरी, विश्वबन्धु थापा र सूर्यबहादुर थापा) ले सहमति नचाहेको (पृ. ३९) तथा बीपीले महेन्द्रलाई लेखेको पत्रको “भाषा” समेत नमिलेका कारण उक्त कार्य असफल भएको लेखकको भनाइ छ (पृ. ४२–५७) । यद्यपि, महेन्द्र र बीपी दुवैले लेखकलाई विश्वास गर्नाको आधार भने उनले स्पष्ट गरेका छैनन् ।

नेपालका विभिन्न राजनीतिक व्यक्तित्वबारे उनले आफ्नै ढंगले मूल्यांकन गरेका छन् । महेन्द्रलाई “नेपालको राजनीतिमा भारतको प्रभुत्व हटाएर राजसंस्थालाई नेपाली राष्ट्रियता र राष्ट्रिय एकताको प्रतीक” बनाउन खोज्ने व्यक्तिका रूपमा (पृ. १५३–१५४) उभ्याएका छन् । महेन्द्रकै “दृढ शासनले गर्दा” २०१८–२०१९ सालमा नेपाल विरुद्ध भारतको रणनीति असफल भएको तथा २०२४ सालको अन्ततिर महेन्द्रलाई हृदयघात भएको मौका छोपी भारतले नेपालको राजनीतिमा हस्तक्षेप गर्न खोजेको पाण्डेको भनाइ छ (पृ. १२६–१२७) । र, आफ्नो निधनपूर्व महेन्द्रले स्थानीय निर्वाचन निर्दलीय र केन्द्र (राष्ट्रिय पञ्चायत) को निर्वाचन बहुदलीय प्रणाली अनुरूप गर्न चाहेको लेखकको दाबी छ (पृ. १५१) ।

कुर्सी पाउन सबैसँग मद्दत माग्ने, कुर्सी पाएपछि कसैलाई वास्ता नगर्ने, अनि कुर्सी हल्लिएपछि कुर्सी जोगाउन जोसँग पनि झुक्ने व्यक्तिको रूपमा उनले गिरिजाप्रसाद कोइरालालाई उभ्याएका छन् । विशेष गरी भुटानी शरणार्थीहरूलाई समुद्र पारीका देशमा पठाउन स्वीकृती दिएर गिरिजाप्रसादले भुटानको नेपाली लखेट्ने अभियानलाई सहयोग गरेको लेखकको आरोप छ (पृ. ६६७) । माओवादी आन्दोलन ताकाका प्रचण्डलाई उनले "सुरक्षा निकायका लागि त्रास, अखबारहरूका लागि रहस्य र आमजनताका लागि दन्त्यकथामा झैं इच्छा रूपी वा मिथकीय छवि" (पृ. ३५९) का भनेका छन् । मदन भण्डारीलाई चाहिँ "आकर्षक व्यक्तित्व, जनतामा लोकप्रिय, जनसमूहलाई आफ्नो आवाजसँगै उभ्याउने ओजस्वी वक्ता" (पृ. ३१४) को रूपमा पाण्डले प्रशंसा गरेका छन् । त्यस्तै, लुम्बिनीमा बौद्ध विश्वविद्यालय स्थापना गरी आफू त्यसको कुलपति बन्न संयुक्त राष्ट्रसंघका तत्कालीन महासचिव उथान्तले इच्छा राखेको तर नेपालले सो प्रस्ताव स्वीकार नगरेको लेखकले रहस्योद्घाटन गरेका छन् (पृ. १३८–१३९) । उनले भारतका आठ जना प्रधानमन्त्री र नेपालका केही अन्य खासै चर्चामा नरहेका व्यक्तिबारे समेत आफ्ना विचार पस्केका छन् ।

२०४५ सालदेखि नेपाल विरुद्ध भारतले लगाएको आर्थिक नाकाबन्दीबारे र २०५८ सालको राजदरबार हत्याकाण्डबारे पुस्तकमा लामो चर्चा छ । नाकाबन्दी गर्नुपर्ने कारण र त्यसले नेपाली जनतामा पारेका प्रभावबारे चर्चा गर्दै भारतले लगाएको आर्थिक नाकाबन्दी र पञ्चायत विरोधी आन्दोलन एकअर्काका पूरक भएको लेखकले ठहर गरेका छन् (पृ. २६१–३१३) । हत्याकाण्डबारे लामो वर्णन (पृ. ४१६–४२५) भए पनि लेखकको आफ्नो कुनै स्पष्ट धारणा देखिँदैन । हत्याकाण्डको डेढ महिनापछि आफ्नै पार्टीका सांसदहरूले सहयोग नगरेका कारणले गिरिजाप्रसादले प्रधानमन्त्री पद त्याग्नु परेको दाबी गर्दै (पृ. ४२८) होलेरीमा माओवादी विरुद्ध सेना परिचालन गर्न दरबारले नदिएको भन्ने गिरिजाप्रसादको आरोपलाई लेखकले आधारहीन भनेका छन् (पृ. ४३८) ।

माघ १९, २०६१ मा तत्कालीन राजा ज्ञानेन्द्रले शासनसत्ता आफ्नो हातमा लिएपछि गठन गरेको मन्त्रिपरिषद्मा पाण्डे परराष्ट्र मन्त्री थिए । दुई जना उपाध्यक्षहरू (तुलसी गिरी र कीर्तिनिधि विष्ट) को उक्त मन्त्रिपरिषद्मा हालीमुहाली भएको पाण्डेको भनाइ छ । कुनै मन्त्रालयको मामलामा सम्बन्धित मन्त्रीका साथै दुवै उपाध्यक्षहरू सँगै राखेर ज्ञानेन्द्रले छलफल गर्ने कार्यविधि बनेको (पृ. ५४३), र ज्ञानेन्द्रको कदम विरुद्ध आन्दोलन गरिरहेका सात राजनीतिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच नयाँ दिल्लीमा भएको १२ बुँदे सहमतिबारे परराष्ट्र मन्त्री भइकन पनि राजा स्वयंले फोन गरेर जानकारी दिएपछि मात्रै थाहा पाएको उनको दाबी छ (पृ. ५९५) ।

माघ १९ को शाही कदमसँग भारत असन्तुष्ट भएको र राजाले एक जनालाई प्रधानमन्त्री नियुक्त गरी मन्त्रिपरिषद्को नेतृत्व आफूले छाडेमा स्थितिमा सुधार आउने भारत सरकारको

सुझाव रहेको लेखकले बताएका छन् । परराष्ट्रमन्त्रीको हैसियतमा आफूले सो सुझावलाई सकारात्मक रूपमा लिएको तर राजाले आफ्नो नेतृत्व छाड्न नचाहेकाले (पृ. ६०५) आन्दोलनले अन्ततः गणतन्त्र स्थापना गरेको पुस्तकमा लेखिएको छ । यद्यपि, यी सबै घटनावलीलाई विस्तृत व्याख्या नगरी केवल नौ हरफ मात्र खर्च गरिनुका कारण बुझ्न सकिँदैन ।

"मृत्यु सँगको लडाई" शीर्षकको अध्यायमा आफ्नै कोठाभित्र लडी बेहोस भएर मृत्युसँग विजय प्राप्त गरेको घटनाको वर्णन छ । पाँच हप्ताको अचेतावस्थामा आफूले देखेका तीन दृश्यको उनले रोचक ढंगले वर्णन गरेका छन् । "सायद जीवनमा निरन्तरता रहन्छ, मृत्यु त जीवनको एउटा चरण मात्रै हो," पाण्डेको निष्कर्ष छ (पृ. ५३२) ।

मुलुकका केही महत्त्वपूर्ण घटना आफ्नो प्रयासबाट भएको दाबी लेखक पाण्डेको छ । उदाहरणका लागि, पञ्चायत व्यवस्थाको अन्तपछि बनेको दलबदल गर्न पाउने ऐन आफ्नो प्रयत्नबाट पारित भएको (पृ. ३४४–३४५) र २०५७ सालको नागरिकता सम्बन्धी विधेयक अन्तिम अवस्थामा आफ्नो प्रयासबाट विफल भएको (पृ. ३८३–३८६) पाण्डेले लेखेका छन् । त्यस्तै, बेलाबेलामा नेपाली काँग्रेस, नेकपा (एमाले) तथा माओवादी पार्टीका चुनाव घोषणापत्र तयार गरेको, राजा वीरेन्द्र र ज्ञानेन्द्रका अधिकांश भाषण र सन्देश समेत लेखेको पाण्डेको दाबी छ, यद्यपि यी दाबी पाठकले पत्याउने आधार पुस्तकमा छैनन् ।

यस्ता अतिरञ्जना लाग्ने दाबी बाहेक पुस्तकमा थुप्रै अरू कमजोरी पनि छन् । पहिलो त, अनावश्यक विवरणले भरिएकाले पुस्तक निकै ठूलो बनेको छ, ७२६ पानाको । दोस्रो, पुस्तकमा इस्वी संवत् र विक्रम संवत्लाई छयासमिस गरी प्रयोग गरिएको छ, जसले पाठकलाई अल्मल्याउँछ । तेस्रो, अध्याय विभाजनको कुनै तुक देखिँदैन; कुनै अध्याय ज्यादै छोटा (३–४ पृष्ठका) र कुनै ज्यादै लामा (६० पृष्ठभन्दा बढी) छन् । चौथो, विभिन्न अध्यायका शीर्षक र शरीरबीच तादात्म्य देखिँदैन (जनमत संग्रह शीर्षकको अध्यायमा जनमत संग्रह सम्बन्धित वर्णन केवल १०–१५ हरफ मात्र छ) ।

पुस्तकमा यथेष्ट गल्ती पनि छन् । उदाहरणका लागि, २०१६ मा गठन गरिएको प्रतिनिधिसभाका कार्यवाहक अध्यक्ष गिरीप्रसाद बुढाथोकी हुन् गिरिजाप्रसाद होइनन् (पृ. ३) । २०१२ सालभन्दा अगाडि बेलायत, अमेरिका र भारतका अतिरिक्त फ्रान्ससँग पनि दौत्य सम्बन्ध स्थापना भइसकेको थियो (पृ. २१) । जे.पी. हाइस्कूलमा अध्यापन गर्ने शिक्षकहरू रामलाल मानन्धर र हरिहरनाथ रेग्मी हुन्, रामलाल श्रेष्ठ र हिरण्यनाथ रेग्मी होइनन् (पृ. १०३) । २०३४ सालको निर्वाचनमा इन्दिरा गान्धीको पराजय भएको थियो, वैशाख २०३१ मा होइन (पृ. ११८) । २००८ सालको जेठमा मोहन शम्शेर होइन बबर शम्शेर मन्त्री पदबाट हटाइएका थिए (पृ. १५३), मोहन शम्शेरले त त्यसको पाँच महिना पछि मात्रै प्रधानमन्त्री पदबाट राजिनामा दिएका थिए । इन्दिरा गान्धी अत्यधिक बहुमत पाई चुनावमा विजयी भएको २०३६ मा हो, २०३९ मा होइन (पृ. १७९) । वराहलाई विष्णुको

तेस्रो अवतार मानिन्छ, दोस्रो होइन (पृ. १९१) । भारतका विभिन्न राज्यहरूबाट नेपाली मूलका मानिसहरू निष्काशन गरिएको २०४३ मा हो, २०४४ मा होइन (पृ. २०६) । यस्तै प्रकारले वैशाख १, २०४४ देखि काठमाडौँ उपत्यकामा कार्यरत विदेशीहरूले अनिवार्य रूपमा परिचय पत्र लिनु पर्ने निर्णय चैत १७, २०४४ मा (पृ. २१४) भएको हुनै सक्तैन । यो चैत १७, २०४३ को निर्णय हुनुपर्छ । दरबार हत्याकाण्डको वर्णन गर्दा जेठ १८ को ठाउँमा १९ तथा जेठ १९ को ठाउँमा १८ (पृ. ४१६) हुन गएको छ । पुस्तकको “चौथो संस्करण” छापिएर आउँदा पनि यस्ता गल्ती नसच्चिनु क्षम्य होइन ।

समग्रमा भन्नुपर्दा, आत्मकथाको रूपमा लेखिए तापनि *कूटनीति र राजनीति*लाई २०१७ सालदेखि २०६२ साल सम्मको नेपालको कूटनीति र राजनीतिको इतिहासको रूपमा हेर्नु उचित हुनेछ । हालसम्म अगाडि नआएका केही विषय या घटनालाई लेखकले बाहिर ल्याएका छन् । लेखकको भनाइसँग सहमत-असहमत हुनु आफ्नो ठाउँमा छ; जे भए पनि पुस्तकले तत्तत् विषयमा थप अनुसन्धानका लागि डोरेटो खोलिदिएको छ, यसका लागि लेखकलाई धन्यवाद दिनुपर्छ ।

**त्रिरत्न मानन्धर**
त्रिभुवन विश्वविद्यालय